# मानवअधिकारपत्र
Human Rights Post

NHRC Monthly Newsletter Vol. 2 Issue 6 Aug.-Sept. 2009

वर्ष २, अङ्क ६ राष्ट्रिय मानवअधिकार आयोगको बुलेटिन २०६६ असोज


### भैरबनाथ गणबाट बेपत्ता पारिएकाको सम्बन्धमा आयोगको ठहर

## तत्कालीन सेनापतिसहित दोषी सैनिकहरूलाई कारबाही गर्न र पीडित परिवारलाई जनही एक लाख राहत उपलब्ध गराउन सिफारिस





*बलपूर्वक बेपत्ता पारिएका व्यक्तिका आफन्तहरू आयोगमा धर्ना दिँदै (बाँया) र सडकमा दबाबमूलक कार्यक्रम गर्दै (दायाँ)*

सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा देशका विभिन्न स्थानबाट पक्राउ गरी भैरवनाथ गण तथा युद्धभैरव गण महाराजगञ्ज काठमाडौंमा थुनामा राखी ४३ बलपूर्वक बेपत्ता पारिएको भन्ने घटनाका सम्बन्धमा आयोगले तत्कालीन प्रधान सेनापति र नेपाली सेनाको १० नं. बाहिनीका प्रमुखसहित संलग्न सबै सैनिक अधिकारहरूमाथि कारबाही तत्काल अगाडि बढाउन नेपाल सरकारलाई सिफारिस गरेको छ। त्यसैगरी आयोगले पीडित परिवारलाई जनही एकलाख रुपैंया दरले अन्तरिम राहत उपलब्ध गराउन भनेको छ। साथै, बेपत्ता परिवारले भोग्नु परेको पीडा र उनीहरूको अवस्था समेतलाई मध्यनजर राखी शैक्षिक, रोजगारीलगायत परिपूरणका विषयमा उपयुक्त राहत प्रदान गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ। त्यसबेला प्रधान सेनापति प्यारजङ्ग थापा र १० नं. बाहिनी प्रमुखमा तोरणबहादुर सिंह थिए।

सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा देशका विभिन्न स्थानबाट पक्राउ गरी २७२ व्यक्तिहरूलाई नेपाली सेनाको १० नं. बाहिनी अन्तर्गत भैरवनाथ गण तथा युद्धभैरव गण महाराजगञ्ज काठमाडौंमा थुनामा राखी बलपूर्वक बेपत्ता पारिएको भन्ने उजुरी आयोगलाई प्राप्त भएको थियो। आयोगको अनुसन्धानबाट ती गणहरूमा थुनामा राखिएकामध्ये कम्तिमा ४३ जना व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारेको पुष्टि भएको भनी गत भदौ २६ गते बसेको आयोग बैठकले ठहर गरेको थियो।

*आयोगले तत्कालीन प्रधान सेनापति र नेपाली सेनाको १० नं. बाहिनीका प्रमुख सहित संलग्न सबै सैनिक अधिकारहरूमाथि प्रचलित कानुनबमोजिम कारबाही तत्काल अगाडि बढाउन नेपाललाई सिफारिस गरेको छ। त्यसैगरी आयोगले पीडित परिवारलाई जनही एकलाख रुपैंया दरले अन्तरिम राहत उपलब्ध गराउन भनेको छ। त्यसबेला प्रधान सेनापति प्यारजङ्ग थापा थिए।*

आयोगको अनुसन्धानबाट यी गणहरूको हिरासतभित्रै केही बन्दीहरूको मृत्यु भएको देखिन्छ। अनुसन्धानका क्रममा भैरवनाथ गणभित्र नेपाली सेनाको नियन्त्रणमा रहेका खड्गबहादुर घर्तीमगर र टोपबहादुर आलेमगरको मृत्यु भएको नेपाली सेनाले स्वीकार गरेको छ। साथै पद्मनारायण नकर्मीलाई दिइएको यातनाका कारण उपचारका लागि अस्पताल लगिएकोमा २०६० साल फागुन १४ गते मृत्यु भएको तथा सुचेन्द्र श्रेष्ठ र किरण रायमाझीलाई हिरासतभित्रै यातना दिई मारिएको भनी पूर्वबन्दीहरूले आफ्नो बयानमा खुलाएको आयोगको निर्णयमा उल्लेख छ।

**बेपत्ता पार्ने कार्यमा आरोपित सैनिक अधिकारीहरू :** उल्लिखित व्यक्तिहरूलाई बेपत्ता पार्ने कार्यमा संलग्न भैरवनाथ गणका तत्कालीन कर्णेल राजु बस्नेत, मेजरहरू पदमसिंह खत्री, राजाराम केसी, विवेक बिष्ट, हरेन्द्रबहादुर सिंह, क्याप्टेन इन्दिवर राणा र सागर केसी, लेफ्टिनेन्टहरू जगन्नाथ खड्का, राजेन्द्र बोगटी, हरिबोल केसी र रामहरि विष्ट, हवल्दारहरू खड्गबहादुर महत, मिननाथ पन्त, दिनेश पौडेल, केशव ढकाल, जमदारहरू धनवीर खत्री, वेणुगोपाल श्रेष्ठ, लालबहादुर चन्द, रणबहादुर बुढाथोकी र शंकर बस्नेत, नायकहरू सूर्य केसी र गिरीराज घिमिरे तथा सिपाहीहरू शिवकिरण केसी र विनोद थापा, अर्जुन सापकोटा, हरिशरण खड्का, कुलप्रसाद बञ्जारा, बाबुराम परियार समेतको संलग्नता रहेको आयोगको अनुसन्धानबाट देखिएको छ। यति ठूलो संख्यामा सुनियोजित रूपमा बेपत्ता पार्ने कार्यका बारेमा सेनाको १० नं. बाहिनीका तत्कालीन बाहिनीपति एवम् तत्कालीन प्रधान सेनापतिलगायत उच्च तहका सैनिक अधिकारीसमेत जिम्मेवार हुनु पर्ने देखिन्छ।

## यसभित्र


१. बेपत्ताको स्थिति तुरुन्त सार्वजनिक गर ! २
२. जाजरकोटमा वितरित खाद्यान्नको गुणस्तरसम्बन्धी छलफल ३
३. मावनअधिकार अवस्था ४
४. अयोगद्वारा डडेल्धुरा कारागार अनुगमन ८
५. बेपत्ता पार्ने कार्यलाई अपराध घोषणा गर्न आग्रह ८
६. मावनअधिकार गतिविधि सङ्क्षेप ९
७. आयोगका निर्णय र सिफरिसहरू १०
८. भदौ महिनामा परेका उजुरीहरू ११

# राष्ट्रिय मानवअधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्याय
सदस्य : रामनगीना सिंह
सदस्य : गौरी प्रधान
सदस्य : डा. लीला पाठक
सदस्य : डा. के.बी. रोकाया
सचिव : विशाल खनाल


## मासिक सन्दर्भ

## बेपत्ताको स्थिति तुरुन्त सार्वजनिक गर !

राष्ट्रिय मानवअधिकार आयोगले भैरबनाथ तथा युद्धभैरव गणबाट २०६२ सालमा बेपत्ता पारिएका ४३ जनाको स्थिति सार्वजनिक गर्न र मानिस बेपत्ता पार्ने कार्यमा संलग्न दोषी सैनिक अधिकारीहरूलाई कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ। आयोगको अनुसन्धानबाट ती गणहरूमा थुनामा राखिएकामध्ये कम्तिमा ४३ जना व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारेको भनी गत भदौ २६ गते बसेको आयोग बैठकले यस्तो सिफारिस गरेको हो। सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा देशका विभिन्न स्थानबाट पक्राउ गरी २७२ व्यक्तिहरूलाई नेपाली सेनाको १० नं. बाहिनी अन्तर्गत भैरवनाथ गण तथा युद्धभैरव गण महाराजगञ्ज काठमाडौमा थुनामा राखी धेरैलाई बलपूर्वक बेपत्ता पारिएको भन्ने उजुरी आयोगलाई प्राप्त भएको थियो।

उल्लिखित व्यक्तिहरूलाई बेपत्ता पार्ने कार्यमा भैरवनाथ गणका तत्कालीन कर्णेल राजु बस्नेतसहित तीनजना मेजर, दुईजना क्याप्टेन, चारजना लेफ्टिनेन्ट, चारजना हवल्दार, पाँचजना जमदार नायक पदका दुईजना तथा कम्तीमा छजना सिपाहीहरू संलग्न रहेको आयोगको अनुसन्धानबाट देखिएको छ। सुनियोजित रूपमा नागरिकलाई बेपत्ता पार्ने कार्यमा सेनाको १० नं. बाहिनीका तत्कालीन बाहिनीपति एवम् तत्कालीन प्रधान सेनापतिलगायत उच्च तहका सैनिक अधिकारी समेत जिम्मेवार हुनु पर्ने आयोगले ठहर गरेको छ।

त्यसैगरी, आयोगले मानवअधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम ३० तथा सर्वोच्च अदालतको २०६४ जेठ १८ को राजेन्द्र ढकालसमेत विरुद्ध नेपाल सरकार समेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा भएको आदेशबमोजिम पीडित परिवारहरूलाई जनही एक लाखका दरले अन्तरिम राहत प्रदान गर्न, र पीडितहरूको अवस्थासमेतलाई मध्यनजर राखी शैक्षिक, रोजगारी लगायत परिपूरणका विषयमा उपयुक्त कार्यक्रम तर्जुमा गरी लागु गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ।

राष्ट्रिय मानवअधिकार आयोगले विगत द्वन्द्वको समयमा राज्यका तर्फबाट ६१६ जना र नेकपा (माओवादी) का तर्फबाट २१९ गरी जम्मा ८ सय ३५ जनालाई बलपूर्वक बेपत्ता पारिएको भनी पछिल्लो तथ्याङ्क सार्वजनिक गरेको छ। बेपत्ताको स्थिति सार्वजनिक गर्न तथा दोषीलाई कारबाहीका लागि नेपाल सरकारलाई आयोगले पटकपटक सिफारिस गरिरहेको छ तर त्यसतर्फ सरकारले पर्याप्त ध्यान दिएको छैन। भैरबनाथ गणका ४३ जनालगायत नेपालका विभिन्न स्थानबाट बलपूर्वक बेपत्ता पारिएका सबै मानिसको स्थिति सार्वजनिक गर्नु नेपाल सरकारको दायित्व हो। लोकतान्त्रिक भनिएको सरकारले बलपूर्वक बेपत्ता पारिएका सबैको स्थिति तुरुन्त सार्वजनिक गरोस् र तत्कालै आवश्यक कारबाही अघि बढाओस्।

- सम्पादक

### बेपत्ता पारिएका व्यक्तिहरू

नेपाली सेनाको काठमाडौं महाराजगञ्जस्थित भैरबनाथ तथा युद्धभैरब गणबाट बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको नाम तथा ठेगाना निम्नानुसार छ -

| नाम | जिल्ला | ठेगाना |
|---|---|---|
| अमृत कँडेल | धादिङ | बेनीघाट गाविस-२ |
| माधव अधिकारी | धादिङ | मार्पाक गाविस-७ |
| लीलाबहादुर पाण्डे | धादिङ | गजुरी गाविस-२ |
| अशोक सुनार (अकेला) | गोरखा | बोर्लाङ गाविस-५ |
| दिपेन्द्र पन्त | गोरखा | गाईखुर गाविस-५ |
| बाबुकाजी श्रेष्ठ | काभ्रेपलाञ्चोक | पाँचखाल गाविस-९ |
| बुद्धि लामा | काभ्रेपलाञ्चोक | मादरकुँडारी गाविस-३ |
| चन्द्रकुमार ढकाल (कुमार) | काभ्रेपलाञ्चोक | पोखरीचौरी गाविस-९ |
| तारामान तामाङ | काभ्रेपलाञ्चोक | खहरेपाँगु गाविस-३ |
| रेनुका दुलाल | काठमाडौं | तिनथाना गाविस-५ |
| सुचेन्द्र श्रेष्ठ | काठमाडौं | सतुङ्गल गाविस-९ |
| देवीराम दंगाल (देवराज) | काठमाडौं | नाङ्लेभारे गाविस-८ |
| अर्जुन महर्जन | काठमाडौं | कीर्तिपुर न.पा.-५ |
| भीमराज महर्जन | काठमाडौं | गोङ्गबु गाविस-३ |
| निमानुर्पु लामा (आइते) | काठमाडौं | नाङ्लेभारे गाविस-९ |
| निश्चल नकर्मी | काठमाडौं | महादेवस्थान गाविस-५ |
| पिपल श्रेष्ठ | काठमाडौं | सीतापाइला गाविस-२ |
| भीम गिरी | कैलाली | फुलबारी गाउँ, धनगढी |
| किरण रायमाझी | उदयपुर | कटारी गाविस |
| लिलाराज आचार्य | उदयपुर | त्रियुगा न.पा.-१, बोक्से |
| गोकुलबहादुर निरौला | इलाम | फाकफोक गाविस-१ |
| राजेन्द्र माली | ललितपुर | ठेचो गाविस-३ |
| पद्मनारायण नकर्मी | ललितपुर | बुङ्मति गाविस-३ |
| रूपक अधिकारी | चितवन | पिठुवा गाविस-९ |
| ज्ञानेन्द्र त्रिपाठी | चितवन | रत्ननगर न.पा.-१३ |
| रामचन्द्र काफ्ले | सिन्धुली | डाँडी गुराँसे गाविस-५ |
| जालन्धर बाँस्तोला | सिन्धुली | दुधौली गाविस-२ |
| तेजमान विश्वकर्मा | सिन्धुली | हत्पते गाविस-४ |
| डोलेश्वर लिम्बू (चेम्जोङ) | पाँचथर | |
| अर्जुन पोखरेल | नुवाकोट | थानापति गाविस-९ |
| हिराबहादुर रोक्का | नुवाकोट | ककनी गाविस-५ |
| कौशल्या पोखरेल | नुवाकोट | थानापति गाविस-९ |
| दुर्गा विशुङ्खे | भक्तपुर | कटुञ्जे गाविस-७ |
| पुष्पराज बस्नेत | झापा | दमक नगरपालिका-१ |
| धिरेन्द्र बस्नेत | झापा | दमक नगरपालिका-१ |
| शान्तिराम भट्टराई, | झापा | बैगुनधुरा गाविस |
| देशभक्त चापागाई | भोजपुर | नेपालडाँडा गाविस-७ |
| भवनाथ धमला | ओखलढुङ्गा | बेतिनी गाविस |
| हेमनारायण श्रेष्ठ | ओखलढुङ्गा | गाम्नाङ्टार गाविस-६ |
| हिराबहादुर शारु | दाङ | |
| चेतनाथ ढुङ्गाना (सिएन ढुङ्गाना) | सुनसरी | सिङ्गिया गाविस-९ |
| रेवकला (कला) तिवारी | स्याङ्जा | सिर्सेकोट गाविस-७ |
| सुर्दशन रिजाल | ठेगाना नखुलेको | |

## उल्लङ्घन भएका अधिकार

सैनिक ब्यारेकभित्रबाट मानिसलाई जबर्जस्ति बेपत्ता बनाउने कार्यबाट निम्न अधिकारहरू उल्लङ्घन भएको देखिन्छः

- तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ मा उल्लेखित स्वतन्त्रताको हक, धारा १४ मा उल्लेखित फौजदारी न्यायसम्बन्धी हक, धारा २४ को न्यायसम्बन्धी हक तथा धारा २६ को यातना विरुद्धको हक,
- नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको धारा ५(२,३),
- नागरिक अधिकार ऐन २०१२ को दफा १५,
- सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा १४ र १५,
- यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ३,
- कारागार ऐन २०१९ को दफा ७,
- तत्कालीन आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ को दफा ९,
- मिति २०६० चैत्र १३ गते मानवअधिकार तथा मानवीय कानुनको कार्यान्वयनको प्रतिवद्धताको नम्बर १, २, ३, ४, ५, ६, ७, ८, २२, र २३,
- नागरिक तथा राजनीतिक अधिकार विषयक प्रतिज्ञापत्र १९६६ को धारा ७, ९ र १०,
- यातना र अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा दण्ड सजाय विरुद्धको महासन्धि १९८४ को धारा १, २, ४, १०, १२ र १३ तथा
- जेनेभा महासन्धिको साझा धारा ३ ।

## आयोगले नेपाल सरकारलाई गरेको सिफारिस

१. भैरवनाथ गण र युद्धभैरव गणबाट सुरक्षाकर्मीले पक्राउ गरी कम्तिमा ४३ जनालाई बेपत्ताको अवस्थामा राखेको देखिएकाले निजहरूको स्थिति सार्वजनिक गरी कानुनी प्रक्रियामा लैजान तथा लामो समयसम्म व्यक्तिलाई गैरकानुनी रूपमा बेपत्ताको अवस्थामा राख्ने कार्यमा जिम्मेवार देखिएका तत्कालीन सैनिक अधिकारीहरू, तत्कालीन प्रधानसेनापति, नेपाली सेनाको १० नं. बाहिनीका तत्कालीन बाहिनीपति र तत्कालीन युद्धभैरव गणका जिम्मेवार सैनिक अधिकारीहरू समेत माथि प्रचलित कानुन बमोजिम कारबाही तत्काल अगाडि बढाउन नेपाल सरकारलाई लेखी पठाउने ।

२. राष्ट्रिय मानवअधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम ३० तथा सर्वोच्च अदालतको २०६४ जेठ १८ को राजेन्द्र ढकाल समेत विरुद्ध नेपाल सरकार समेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा भएको आदेश बमोजिम पीडित परिवारहरूलाई जनही एक लाख रूपैंयाका दरले अन्तरिम राहत प्रदान गर्न लेखी पठाउने ।

३. बेपत्ता परिवारले भोग्नु परेको पीडा र उनीहरूको अवस्था समेतलाई मध्यनजर राखी शैक्षिक, रोजगारी लगायत परिपूरणका विषयमा उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागु गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने ।

# जाजरकोटमा वितरित खाद्यान्नको गुणस्तरसम्बन्धी छलफल

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगले जाजरकोट लगायतका जिल्लाहरूमा देखिएको स्वास्थ्य सङ्कटमा त्यहाँ वितरित खाद्यान्नको गुणस्तरमा उब्जिएका आशंकाहरूका बारेमा छलफल गर्न एक कार्यक्रमको आयोजना गऱ्यो । गत भदौ २२ गते आयोगकै सभाकक्षमा सम्पन्न उक्त कार्यक्रमको मूल उद्देश्य जाजरकोट लगायतका जिल्लामा विभिन्न दातृनिकाय तथा सरकारले वितरण गरिरहेको खाद्यान्नको गुणस्तरका बारेमा यथार्थ पहिल्याउनु थियो ।




*खाद्यान्नको गुणस्तरसम्बन्धी आयोगमा आयोजित कार्यक्रममा बोल्दै एक सहभागी*

कार्यक्रममा आयोगका सचिव विशाल खनालले जाजरकोट लगायतका जिल्लाहरूमा वितरित अखाद्य भनिएका वस्तुहरूका सम्बन्धमा आमसञ्चार माध्यममा आएका कुराहरू तथा आयोगले उक्त जिल्लाहरूमा गरेको अनुगमनको बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । कार्यक्रमका सहभागी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुवोध प्याकुरेल, उपभोक्ता हित संरक्षण मञ्चका ज्योति बानिया तथा आरआरएनका अर्जुन कार्कीले आयोगले उठाएको विषय अन्यन्तै सान्दर्भिक रहेको भन्दै खाद्यान्नको गुणस्तरका बारेमा आ-आफ्नो संस्थाका तर्फबाट संस्थागत धारणा प्रस्तुत गरेका थिए । खाद्यान्न वितरणको जिम्मा लिएको डिप्रोस र खाद्यान्न अनुदान दिने विश्व खाद्य कार्यक्रमका प्रतिनिधिहरूले आ-आफ्नो संस्थाले गुणस्तरीय खाद्यान्न वितरण गरेको जिकिर गरे । आयोगका सदस्य गौरी प्रधानले सहभागीहरूका विभिन्न जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रमको अन्त्यमा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले अखाद्य वस्तुको वितरण पनि मानवअधिकार उल्लङ्घनको विषय भएकाले यसको निराकरणका लागि एउटा न्यायिक जाँचबुझ आयोग गठन गर्नु पर्ने धारणा राख्नु भयो । उहाँले यस विषयलाई आयोगले गम्भिरतापूर्वक लिएकाले थप अनुसन्धान जारी राख्ने बताउनु भयो । छलफल कार्यक्रममा आयोगका पदाधिकारी तथा कर्मचारीहरू, नेपाल सरकारका उच्च अधिकारी, मानवअधिकार तथा उपभोक्ता अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरू तथा नेपालमा कार्यरत अन्तर्राष्ट्रिय सङ्घसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।

# भदौ महिना मानवअधिकारको अवस्था

राजनीतिक उतारचढावका कारण खलबलिने शान्ति सुरक्षाको अवस्थामा यो महिना केही सुधार देखियो यद्यपि एकिकृत नेकपा (माओवादी) ले नागरिक सर्वोच्चताको मुद्दा उठाएर राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू र सत्तापक्षका मुख्य नेताहरूलाई कालो झन्डा देखाउने, कार्यक्रम विथोल्न ढुङ्गामुढा गर्ने, नाराबाजी गर्ने, सडक अवरुद्ध पार्ने जस्ता गतिविधि गरेकाले मुख्य सहरहरूमा त्रासपूर्ण वातावरण कायम रह्यो। यी घटनाले मुठभेड र झडपको अवस्था सिर्जना भई दर्जनौं सुरक्षाकर्मी र प्रदर्शनकारीहरू घाइते भए।

मध्य तथा पूर्वी तराईका पर्सा, रौतहट, जनकपुर, सिरहा, सप्तरी लगायतका केही जिल्लाहरूमा हत्या, अपहरण, कुटपीट, चन्दा र धम्कीका गतिविधिहरूमा कुनै कमी देखिएन। तर, देशका अन्य भागमा यस्ता गतिविधिहरू अघिल्लो महिनाका तुलनामा कम पाइएका छन्। विशेष सुरक्षा नीति लागु भएपछि स्थानीय प्रशासनको सक्रियतामा तराईमा विभिन्न आपराधिक घटनामा संलग्न भएको आरोप लागेका मुख्य व्यक्तिहरूलाई प्रहरीले नियन्त्रणमा लिएकाले केही भूमिगत समूहहरूको गतिविधि शीथिल भएको छ। तर, सरकारको सुरक्षा नीतिलाई प्रतिकार गर्दै सामूहिक रूपमा चुनौती दिन विभिन्न सशस्त्र समूहहरूले संयुक्त मोर्चाको तयारी गर्न लागेको समाचारहरू सार्वजनिक भइरहेकाले तराईमा त्रासको अवस्था सिर्जना भएको छ।

- *राजनीतिक हत्यमा कमी*
- *आवागमन सहज*
- *प्रहरी सक्रियतामा वृद्धि*
- *धम्कीका घटनामा कमी*
- *हिरासतमा मृत्युको क्रम बढ्यो*
- *अपराधिक घटनामा वृद्धि*
- *पहाडी जिल्लामा खाद्यान्न अभाव*
- *राजनीतिक झडपमा वृद्धि*

### शान्तिसुरक्षा/स्वतन्त्रता

विस्तृत शान्ति सम्झौताको प्रावधान विपरित माओवादी लडाकुहरू माओवादी नेताहरूको सुरक्षाका लागि प्रमाणिकरणमा राखिएका हतियारसहित विभिन्न स्थानमा बिना अनुमति विचरण गर्ने क्रम भदौ महिनामा पनि रोकिएन। माओवादी बिग्रेड सहकमान्डर मानबहादुर रोकाया (शक्ति) को नेतृत्वमा हतियारसहित हिंडेका १९ जना माओवादी लडाकुलाई सुरक्षाकर्मीले भदौ ८ गते कपिलवस्तुमा पक्राउ गर्‍यो। विस्तृत शान्तिसम्झौता को प्रावधान विपरित उनीहरू ९ थान आधुनिक हातहतियार र तीन गाडीसहित दाङ पुगेर फर्कंदै थिए। एकिकृत नेकपा (माओवादी) कै सैनामैना सहायक शिविरका कमान्डर सूर्यबहादुर घर्तीसहितको अर्को समूह भने गाडीसहित फरार भएको थियो। उनीहरू सबै एकिकृत नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सहितको माओवादी नेतृत्वलाई स्कटिङका लागि गएका र फर्कने क्रममा थिए। उनीहरूलाई अनमिन प्रतिनिधिको जिम्मामा राति १० बजेतिर छाडिएको थियो। त्यसैगरी उपराष्ट्रपतिको शपथको समर्थनमा भदौ १३ मा सुनसरी, सप्तरी तथा सिरहामा मधेसवादी दलका कार्यकर्ताले प्रदर्शन गर्दा सुनसरीमा प्रहरीसँगको झडपमा ६ प्रदर्शनकारी घाइते भए। यो महिना यातना तथा हिरासत र कारागारमा कैदी तथा बन्दीको मृत्यु भएको घटनामा समेत वृद्धि भएको छ।

### अभिव्यक्ति स्वतन्त्रता

मधेस तराई फ्रन्टका कार्यकर्ताले कान्तिपुर दैनिक र द काठमान्डु पोस्टलाई खसनेपाली पत्रिका भएको आरोप लगाउँदै सप्तरी जिल्लाको राजविराजमा भदौ ७ गते यी पत्रिकाका १५ हजार प्रति जलाए। अधिक मदिरा सेवन गरी होहल्ला गरेको अभियोगमा पक्राउ परेका मोरङ जिल्ला जाँते गाविस- ९ बस्ने बेनुप्रसाद दुलाल (वर्ष ३७) लाई जाँते प्रहरी चौकीमा चरम यातना दिएको भन्ने विषयमा समाचार प्रकाशन गरेको आरोपमा प्रहरीले नेपाल समाचारपत्रका सुनसरी संवाददाता कृष्ण भट्टराईलाई विभिन्न धम्की दिएको भनी आयोगलाई जानकारी प्राप्त भएको छ। सङ्घीय लिम्बुवान् राज्य परिषद्सँग आवद्ध नेशनल डेमोक्रेटिक फोरमका अध्यक्ष मित्र लिङ्देनले पाँचथरमा चन्दाको विषयमा समाचार लेखेकोमा भदौ २८ गते पत्रकारहरूलाई विभिन्न धम्की र कारबाहीको चेतावनी दिए।

### बम विस्फोट

यो महिना तराईका जिल्लाहरूमा विभिन्न कार्यालय तथा व्यक्तिगत सम्पतिलाई लक्षित गरी विभिन्न समूहले बम विस्फोटका घटना गराए। यी घटनाबाट केही हताहति र सम्पति विनाशको जानकारी आएपनि कसैको मृत्यु भएको छैन। बम विस्फोटका घटनामा रणवीर सेना, किराँत वर्कस् जनवादी पार्टी, लिम्बुवान्का विभिन्न उपसमूहहरू समेत संलग्न देखिए। यी घटनामा प्रहरीले बम निस्कृय पार्न सहयोग गरे पनि दोषीलाई गिरफ्तार गर्न सकेको छैन। नेपाली काँग्रेसका महासमिति सदस्य मुन्नीकुमारी गुप्ताको सप्तरीको कञ्चनपुरमा रहेको ग्यारेजमा भदौ १३ गते फेला परेको बमलाई नेपाल प्रहरीले निस्कृय पार्‍यो। सप्तरीको बरमझिया गाविस-३ बस्ने विजयप्रकाश शाहको पसलमा भदौ १३ गते बम विष्फोट हुँदा सात घाइते भए। विराटनगरको सिंचाइ कार्यालयको परिसरमा भदौ २० गते बम विष्फोट भयो। विराटनगरको वरगाछीमा फेलापरेको बमलाई नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय पार्‍यो। यी दुवै घटनामा रणवीर सेना नामक समूहले जिम्मेवारी दाबी गरेको छ। भदौ २५ गते बम विष्फोटमा परी सुनसरीको बबिया गाविस-८ बस्ने चुलाइ मेहेता घाइते भए। नेकपा (एमाले) का दमक नगरकमिटी सदस्य गोविन्द थापाको दमकस्थित घरमा भदौ २५ गते फेला परेको बम सुरक्षा फौजले निष्कृय पार्‍यो। कपिलवस्तु जिल्लाको जिल्ला शिक्षा कार्यालय प्रमुखको कार्यकक्षमा भदौ १९ गते दिउँसो २ बजे बम बिस्फोट भएको छ। खाजा खाने समयमा बम बिस्फोट भएकाले मानवीय क्षति नभएको तर कार्यालमा भने सामान्य क्षति भएको छ। यसबारे प्रहरीले अनुसन्धान गरिरहेको छ।

### जीवनको अधिकार

यो महिना कुनै पनि मुख्य राजनीतिक दलको संलग्नतामा कसैको जीवनको अधिकार हनन भएको जानकारी प्राप्त भएको छैन। बरु, राज्यका सुरक्षा संयन्त्रको लापरबाहीका कारण प्रहरी हिरासतमा वा अधिक यातना वा मुठभेडको बहानामा केही मानिसले जीवन गुमाउनु परेको छ। कारागारमा झडप, अपहरणपछि हत्या, बाढी-पहिरो लगायतका प्राकृतिक प्रकोपबाट मृत्यु, डाँकाहरूको प्रतिकार गर्दा वा अज्ञात समूहको आक्रमणमा मानिसले जीवन गुमाएका छन् यो महिना। सुनसरीको झुम्कास्थित कारागारका कैदीहरूबीच भदौ ३० गते झडप हुँदा मोरङको टाँडीका अर्जुन तामाङको मृत्यु भयो, अन्य सात घाइते भए। जेलर र नाइकेको मिलेमतोमा तामाङको हत्या भएको भन्दै मृतकका आफन्तहरूले प्रदर्शन गर्न थालेपछि झुम्काबजार तनावग्रस्त

बन्यो । प्रहरी हिरासतमा रहेको अवस्थामा झापाको भद्रपुर नगरपालिका-३ बन्ने गोविन्द कार्की (वर्ष ३५) को भदौ ३१ गते मृत्यु भयो । प्रहरीको यातनाबाट कार्कीको मृत्यु भएको भनी मृतकका आफन्तले दाबी गरेका छन् । यी दुवै घटनाको सम्बन्धमा आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले अनुसन्धान गरिरहेको छ ।

अविरल वर्षाका कारण आएको बाढी र पहिरोमा परी इलाम, झापा, उदयपुर र सिरहा जिल्लामा कम्तिमा १२ जनाको मृत्यु भयो भने आठ बेपत्ता भए । त्यस्तै, भदौ १६ गते पहिरोका कारण खोटाङको जलजलेश्वर गाविसका १३ जना बेपत्ता भए । बेपत्ता सबैलाई मृत घोषित गरिएको छ र जिल्ला विकास समितिमार्फत् जनही २५ हजार आर्थिक सहयोग दिने आश्वासन दिइएको छ । पहिरोले ३ घर बगाएको र सयौं मानिस त्यहाँबाट विस्थापित भएका छन् ।

भदौ ९ मा ताप्लेजुङको गोशंखा टोलमा एक अज्ञात समूहले एकिकृत नेकपा (माओवादी) का कार्यकर्ता अलघेशध्वज लिम्बुको हत्या गऱ्यो । त्यस्तै भदौ १८ गते पाँचथरको पराङवङ गाविस-२ का सोमबहादुर राइको हत्या गऱ्यो । संखुवासभा जिल्लाबाट केही दिनअघि हराएकी बालिका गौरीमायाँ गुरुङ (वर्ष ६) को लाश संखुवासभाकै नुम गाविसमा भदौ २० मा फेला पऱ्यो । झापाको दमकमा रहेको सुधार केन्द्रमा चार दिनअघि भर्ना भएका दमक नगरपालिका-१ का राजेन्द्र अधिकारी भदौ २२ गते त्यसै केन्द्रमा मृत फेला परे । कुटपिटबाट उनको मृत्यु भएको भनी घटनाको निष्पक्ष छानबिनको माग गर्दै स्थानीयवासीले प्रदर्शन गर्दा दमकमा तनाव उत्पन्न भयो । खोटाङ जिल्ला घर भई इटहरी नगरपालिका-२ मा बस्ने रिक्साचालक सोल्टी राईको शव सुनसरीको हाँसपोसामा भदौ २२ मा फेला पऱ्यो । अज्ञात समूहले भुटानी शरणार्थी शिविर बेलडाँगीका पूर्वसचिव केबी खड्काको भदौ २३ मा हत्या गऱ्यो । भोजपुर जिल्ला घर भई पाँचथरको फिदिममा पसल व्यवसाय गर्ने मच्छिन्द्र राईलाई स्थानीय एक समूहले कुटपिट गर्दा भदौ २४ मा उनको मृत्यु भयो । विराटनगर उपमहानगरपालिका-१८ बस्ने वसन्ती शाह (वर्ष ३२) लाई भदौ २७ गते एक समूहले गोली हानी हत्या गऱ्यो । भदौ ३१ गते भारतीय डाँकाहरूको एक समूहले सुनसरीको हाप्पारा गाविसका चन्द्रदेव यादव र ललिता यादवको गोली हानी हत्या गऱ्यो ।

### आवागमनको अधिकार

विरोधका नाममा गरिने बन्दहड्तालका कार्यक्रममा कमी आएकाले भदौ महिनामा आवागमनको अधिकार कम प्रभावित रहयो । सरकारले सवारी साधन दुर्घटनाबाट सिर्जना हुने बन्दहड्ताल कम गर्न तेस्रो पक्ष बिमाको कार्यक्रम लागु गरेको छ । मजदुर आन्दोलन वा राजनीतिक मागदाबीका कार्यक्रमहरू पनि खासै नभएकाले विगतका महिनाभन्दा यो महिना आवागमन सहज भएको हो । यद्यपि स्थानीय र जिल्ला तहमा केही बन्द र अवरोधका घटनाहरू भए । पाँचथरका तीलरूपा काफ्लेको हत्यारालाई प्रहरीले संरक्षण दिएको आरोप लगाई पाँचथरका महिलाहरूले जिल्ला प्रशासन तथा जिल्ला प्रहरी कार्यालयमा भदौ ७ मा घेराउ गरे । साथै, भदौ ८ र ९ गते पाँचथरको फिदिम बजार बन्द गराए । सरकारले सम्झौता पालना नगरेको भन्दै अखिल नेपाल शिक्षक संघले भदौ ११ गते मोरङका शैक्षिक संस्थाहरू बन्द गराए । झापाको शनिश्चरेमा ट्रकको ठक्करबाट विद्यार्थी पवित्रा कोइरालाको मृत्यु भएको घटनाको विरोधमा भदौ १४ गते झापाका सम्पूर्ण शिक्षण संस्था बन्द गरिए । सरकारसँग भएको पाँचबुँदे सम्झौता कार्यान्वयन नभएको भन्दै आदिवासी जनजाती, मुस्लिम र दलितको संघर्ष समितिले भदौ १४ गते नेपाल बन्दको आह्वान गऱ्यो । यो बन्दले छिटफुटमात्र प्रभाव पाऱ्यो । यो सङ्घर्ष समितिले जल, जंगल र जमिनमा आदिवासीको स्वामित्व हुनुपर्ने लगायतका माग अघि सारेको छ । तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) निकट युवा फ्रन्ट र विद्यार्थी फ्रन्टले भदौ १७ गते नवलपरासी जिल्ला बन्द गरे । तमलोपाका केन्द्रीय सदस्य सुभान अलि अन्सारीलाई आक्रमण गर्ने एकीकृत नेकपा (माओवादी) का कार्यकर्तालाई प्रहरीले कारबाही नगरी मुक्त गरेको विरोधमा उनीहरूले जिल्ला बन्दको आह्वान गरेका थिए । खसक्षेत्री एकता समाजले क्षेत्रीलाई जनजातिको सूचिमा राख्नुपर्ने माग राख्दै भदौ १८ गते मोरङ र सुनसरी जिल्ला बन्द गरायो । भदौ २१ गते झापा जिल्ला कारागारमा सुरक्षार्थ खटिएका गार्ड र बन्दीहरूबीच झडप हुँदा दुई घाइते भए । वृद्धि भएको तलब नपाएको भन्दै पूर्वाञ्चलमा कार्यरत राहत दरबन्दीका शिक्षकहरूले भदौ २४ गते यस क्षेत्रका विद्यालयहरू बन्द गरे । भदौ २९ गते पूर्वाञ्चल विश्वविद्यालयको दीक्षान्त समरोहमा भाग लिन आएका प्रधानमन्त्रीलाई कालो झन्डा देखाउने क्रममा एकिकृत नेकपा (माओवादी) का कार्यकर्ता र प्रहरीबीच झडप हुँदा पाँच प्रहरीसहित ३० घाइते भए ।



***एकजना मानवअधिकार पीडितसँग आवश्यक सोधपुछ गर्दै आयोगका अधिकृत***

### विस्थापन

भदौ महिनामा बाढी पहिरोबाट विस्थापित हुनेको संख्या उल्लेख्य छ । अविरल वर्षाका कारण गएको पहिरोमा पाँचथरको च्याङथापु गाविस-६ का आठ घरपरिवार भदौ १५ देखि विस्थापित भएका छन् । रौतहट, जनकपुर, झापा, उदयपुर लगायतका जिल्लाहरूमा बाढी तथा पहिरोको कारण सयौंको सङ्ख्यामा मानिसहरू विस्थापित भएको पाइयो । सुदूर पश्चिमका कैलाली, कञ्चनपुर, अछाम, डोटी, डडेल्धुरा लगायतका जिल्लाहरूमा बाढी-पहिरोले गर्दा धेरै घरपरिवार विस्थापित भएका र सयौं हेक्टर धानबाली नदी कटानले बगाएको छ । गोरखा जिल्ला खरिबोटका दुई शिक्षक रामप्रसाद धिताल र कृष्णप्रसाद धिताल भदौ ११ गते वाईसीएल कार्यकर्ताको कुटाइबाट घाइते भए । घटनामा राहत दरबन्दीमा साउन २२ गते नियुक्त भएका शिक्षक कृष्णप्रसादलाई कानुनी प्रक्रियाभन्दा बाहिर गएको भन्दै वाईसीएल कार्यकर्ता सुमन परियारको नेतृत्वमा आएको समूहले कुटपिट गरेको थियो । कुटपिटमा त्यस विद्यालयका अन्य शिक्षकहरू पनि घाइते भए । फलस्वरूप विद्यालयका धेरै शिक्षकहरू विस्थापित भएका छन् ।

### बलपूर्वक बेपत्ता

अन्तर्राष्ट्रिय रेडक्रस समिति (आईसीआरसी) ले सशस्त्र द्वन्द्वको समयमा बेपत्ता पारिएका व्यक्ति तथा पीडित परिवारको सङ्ख्यासम्बन्धी तथ्याङ्क सार्वजनिक गरेको छ । उक्त प्रतिवेदनका अनुसार सशस्त्र द्वन्द्व सुरुभएयता नेपालमा १३४८ जना व्यक्तिहरू बेपत्ता भएको जनाएको छ । यस सम्बन्धमा राष्ट्रिय मानवअधिकारको तथ्याङ्कअनुसार ८ सय ३५ मानिस बेपत्ता छन् । काभ्रेपलाञ्चोक जिल्ला विर्तादेउराली गाविस निवासी उमेशकुमार सेढाईलाई पक्राउ गरी बेपत्ता पारिएको सम्बन्धमा पीडितलाई सकुशल फर्काउन निजका तर्फबाट आयोगमा उजुरी परेको छ ।

### अपहरण

एकिकृत नेकपा (माओवादी) का कार्यकर्ताले खोटाङ जिल्ला महादेवस्थान-४, हलेसी बस्ने मेनुका विक र बारा जिल्ला दुमरवाना

गाविसका रामेश्वर मगर (वर्ष ७) लाई अपहरण गरेका छन् । हालसम्म दुवैको स्थिति सार्वजनिक भएको छैन । काठमाडौंको चावहिलमा बालक अभिषेक केसीलाई अपहरण गर्न खोज्ने दामोदर दास र वालाद दासलाई प्रहरीले पक्राउ गर्‍यो । सप्तरी जिल्लाको शंकरपुर गाविस-८ का भीम यादवलाई भदौ १२ गते १० जनाको समूहमा आएको सशस्त्र समूहले अपहरण गर्‍यो । जनतान्त्रिक तराई मुक्तिमोर्चा (तुफान सिंह) का कार्यकर्ताले सिरहा जिल्लाको नवराजपुर गाविस-२ का भोगेन्द्र यादवलाई भदौ २९ मा अपहरण गरे । सिरहा जिल्लाबाट अपहरणमा परेका मिर्चैयाका नरेन्द्र महतो, असानपुरका महेश महतो र लक्ष्मण महतो तथा बस्तीपुरका मुकेस साहमध्ये नरेन्द्र महतो र मुकेश साह अपहरण मुक्त भएका छन् भने अन्यको अवस्था अझै ज्ञात हुन सकेको छैन । अपहरणमा परेका नेपाल रेडक्रस सोसाइटी, संखुवासभाका पवन बजगाईंलाई त्यसै जिल्लाको सानोकुवा भन्ने ठाउँबाट लिम्बुवान् कार्यकर्ताले भदौ १६ गते रिहा गरे । अपहरणका केही घटनामा सुरक्षाकर्मीले सफलता पनि पाएको छ । साउन ३२ गते धरानबाट अपहरणमा परेका बालक प्रणय गुरुङ (वर्ष ४) लाई भदौ २ गते भारतको सिलिगुढीबाट प्रहरीले उद्धार गर्‍यो । त्यस्तै, प्रहरीले अपहरणमा परेका मिर्चैया सिरहाका नगेन्द्र महतो (वर्ष ७) लाई बिहारबाट र सिरहाका मिश्री मण्डललाई भदौ १३ गते सिरहाको बलानखोलाबाट प्रहरीले उद्धार गर्‍यो ।

### यातना/कुटपीट

भदौ २ गते एकीकृत नेकपा (माओवादी) का जिल्ला इन्चार्ज श्याम बिकको नेतृत्वको समूहले नेकपा एमालेका गुल्मी जिल्ला परिषद् सदस्य जगतबहादुर खत्रीलाई आक्रमण गरी गम्भीर घाइते बनाएको छ । पीडित खत्रीले आफ्नो साथमा रहेको ३० हजार भारतीय रुपैयाँ समेत आक्रमणकारीले लुटेको बताए । त्यस्तै एकिकृत माओवादीका सभासद् चिनक कुर्मीले परासीकै बुद्धचोक बस्ने राजमति हरिजनलाई भदौ २ गते कुटपिट गर्न लगाएको आरोपमा दलित समुदायले जिल्ला प्रहरी कार्यालय नवलपरासीमा उजुरी दिएको छ । मोरङ जिल्ला जाँते गाविस-९ बस्ने वेणुप्रसाद दुलाल (वर्ष ३७) ले मादकपदार्थ सेवन गरी होहल्ला मच्चाएको आरोपमा उर्लावारीस्थित इलाका प्रहरी कार्यालयले कुटपिट गरी यातना दिएको भनी आयोगमा उजुरी प्राप्त भएको छ । त्यस्तै घरायसी अंश विवादको निहुँमा दमक इलाका प्रहरी कार्यालयको टोलीले झापाको दमक नगरपालिका बस्ने विक्रम कार्कीलाई निर्मम यातना दिएको पाइएको छ । नवलपरासी जिल्लास्थित परासीको बुद्धचोकमा तमलोपाका केन्द्रीय सदस्य सुभानअलि अन्सारी माथि एकिकृत नेकपा (माओवादी) का कार्यकर्ताहरूले भदौ १६ गते आक्रमण गरे । खानेपानीको विवादमा पाँचथर जिल्लाको ओयाम गाविस-६ बस्ने नारायण कोइराला र उनकी श्रीमती गोमा कोइरालालाई एकिकृत नेकपा (माओवादी) का कार्यकर्ताले भदौ १८ गते कुटपीट गरे । अधिक मदिरा सेवन गरी होहल्ला गरेको अभियोगमा पक्राउ परेका मोरङ जिल्ला जाँते गाविस-९ बस्ने बेनुप्रसाद दुलाल (वर्ष ३७) लाई जाँते प्रहरी चौकीमा चरम यातना दिएको भनी आयोगको पूर्वाञ्चल कार्यालयमा उजुरी दर्ता भएको छ ।

### बालअधिकार

सरकारले सबै प्रकारका शोषण, दुर्व्यवहार, हिंसा, भेदभाव र वञ्चितीकरणबाट प्रत्येक बालबालिकालाई संरक्षण गर्न बालसंरक्षण नीति ल्याउन लागेको जनाएको छ । दुई वर्षअघि आफ्नै बुबाबाट भारतीय सर्कसमा काम गर्नका लागि बेचिएका विराटनगर उपमहानगरपालिका-१९ बस्ने बिनिका थापामगर (वर्ष ११) र बिनिता थापामगर (वर्ष ८) लाई प्रहरीले भदौ १३ गते जोगबनीको रेलवे स्टेसनबाट उद्धार गर्‍यो । बालबालिकाले सर्कसमा विभिन्न यातना दिने गरेकाले आफूहरू भागेको बताएका छन् । उनीहरूका अनुसार अन्य तीन नेपाली बालबालिका पनि त्यो सर्कसमा कार्यरत छन् । सर्लाही जिल्ला छटौल गाविस–३ सुनारटोलका अति विपन्न परिवारका ६ देखि १२ वर्ष उमेरका बालकहरू दीपेन्द्र माझी, सञ्जय माझी, अजित माझी, विक्रम माझी, उमेश माझी र प्रेमचन्द्र माझीलाई पैसा कमाउने आश्वासन दिएर एक समूहले भारत लैजान लागेको बेला प्रहरीले उद्धार गरी परिवारको जिम्मा लगाएको छ ।

### खाद्यान्न अधिकार

झाडापखाला तथा हैजा प्रभावित जाजरकोट लगायतका मध्य तथा सुदूर पश्चिमका जिल्लाहरूमा रूपन्देही तथा भैरहवा नाकाबाट गुणस्तरहीन खाद्यान्न पैठारी गरेको कारण सर्वसाधारणको मृत्यु भएको सम्बन्धमा आयोगको टोलीले भैरहवामा स्थलगत अनुसन्धान गर्‍यो । गुणस्तरहीन खाद्य पदार्थको पैठारी गरी वितरण गरेको कारण ती जिल्लाहरूमा हैजा फैलिएको भनी आयोगले सूचना तथा जानकारीहरू प्राप्त गरेको थियो । गोरखा जिल्ला सदरमुकामबाट ४० कोश उत्तरका सिर्दिबास, लोहो, प्रोक, बिही, सामगाँउ, चुमचेत र छेकम्पार गाविसहरूमा असार महिनादेखि खाद्यान्न संकट देखिएकाले झन्डै २ हजार परिवार भोकमरीको चपेटामा परेको जानकारी आयोगले प्राप्त गरेको छ । भदौ महिनामा बाजुरा र बझाङ जिल्लाका अति दुर्गम क्षेत्रहरूमा खाद्यान्न संकट देखापरेको छ । बाजुराको कोल्टीस्थित खाद्य संस्थानको डिपोमा तीन किलो चामल लिन लामो प्रतिक्षा गरेका स्थानीयबीच झडप हुँदा केही व्यक्ति बेहोस भएका थिए । यो घटनामा भोकै चामल लिन लाइनमा बसेका सर्वसाधारणहरू माथि प्रहरीले बढी बल प्रयोग जानकारी आयोगले प्राप्त गरेको छ । खाद्यान्न संकट भएका जिल्लाहरूमा सरकारले अझै प्रभावकारी रूपमा खाद्यान्न वितरण गरेको छैन ।

### महिला अधिकार

भदौ महिनामा पनि बेपत्ता, महिला हिंसा, महिला तथा बालबालिका बेचविखन, अपहरण, यातना तथा बोक्सीको आरोपमा गरिएका दुर्व्यवहार, बलात्कार, विस्थापनजस्ता घटना यथावत रहेको पाइयो । महानगरीय प्रहरी आयुक्तको कार्यालय रानीपोखरीले यसै महिना सार्वजनिक गरेको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०६५-०६६ मा उपत्यकामा मात्रै ४८ बलात्कारका घटना भएका छन् ।

सिन्धुपाल्चोक जिल्लाकी गीतादेवी उप्रेतीलाई दुई दशकदेखि बोक्सीको आरोपमा अमानवीय तथा अपमानजनक व्यवहार गरिदै आएको पाइएको छ । उनलाई बोक्सीको आरोपमा छरछिमेक तथा आफ्नै परिवारका सदस्यहरूले समेत गाली गलौज गर्ने, कुटपिट गर्ने र




*मानव बेचबिखनविरुद्ध जनचेतना बढाउन भैरहवामा निकालिएको र्‍याली*

सुँगुरको विष्टा खुवाउने प्रयास गरेका थिए । डोल्पा जिल्ला दुनै गाविस-४ स्थायी घर भई हाल दोलखा बस्ने मीनाकुमारी हमाललाई निजका पति तथा सासुले दाइजो कम ल्याएको भन्दै शारीरिक तथा मानसिक यातना दिनुका साथै सम्बन्ध विच्छेद गर्न दबाब दिएको सम्बन्धमा आयोगले अनुसन्धान सुरु गरेको छ । श्रीमतीलाई अधिक मदिरा सेवन गरी पटकपटक बैवाहिक बलात्कार गरेको उजुरी परेपछि मोरङ जिल्लाको हसन्दह गाविस बस्ने तोरण विष्ट भदौ १८ गते पक्राउ परे । सुनसरीको अर्नामा गाविस-४ की ४० वर्षीया महिलालाई बोक्सीको आरोपमा दुर्व्यवहार गरेको आरोपमा स्थानीय प्रदीप चौधरी र वीरेन्द्र चौधरीलाई भदौ २७ मा प्रहरीले पक्राउ गर्‍यो । भोजपुर जिल्लाको बोखिम गाविस बस्ने एक महिलालाई बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी सूर्यनारायण माझीलाई प्रहरीले भदौ २६ गते पक्राउ गर्‍यो ।

**धम्की**

यो महिना धम्कीका घटनामा उल्लेखनीय रूपमा कमी आयो यद्यपि केही धम्कीका घटनाहरू आयोगको जानकारीमा आएका छन् । भुटानी शरणार्थी समुदायका सामाजिक कार्यकर्ता केवी खड्काको दमक शिविर फर्कने क्रममा अज्ञात समूहद्वारा हत्यापछि शरणार्थीलाई धम्की आउने क्रम बढेको छ । अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आईओएम) र शरणार्थीका लागि राष्ट्रसङ्घीय उच्चायोग (युएएचसिआर) ले भुटानी शरणार्थीलाई तेस्रो मुलुकमा स्थापित गर्ने कुराको विरोध गर्दै भुटान कम्युनिस्ट पार्टीका कार्यकर्ताले झापा र मोरङको सातओटा शिविरका सचिवलाई मार्ने धम्की दिएको जानकारी आयोगले प्राप्त गरेको छ । ताप्लेजुङ जिल्लाको फलैंचे गाविसस्थित बुद्ध माध्यमिक विद्यालयका ६ शिक्षकलाई वाईसीएल कार्यकर्ताहरूले विभिन्न धम्की दिए ।

**न्याय प्रशासन**

नयाँ सुरक्षा नीति लागु भएपछि प्रहरी सक्रियता बढेको छ । तर, यो नीतिको प्रतिकार गर्न भूमिगत सशस्त्र समूहहरूले पनि राज्य संयन्त्रलाई चुनौती सिर्जना गर्न प्रयासमा गठबन्धन गरिरहेका विभिन्न समाचारहरू सार्वजनिक भएका छन् । अर्कातिर, भारतीत भूमिबाट नेपालतर्फ हुने डकैतीका घटनालाई नियन्त्रण गर्न सरकारले पर्याप्त चासो दिएको छैन । आपराधिक समूहबाट दिनहुँजसो अपहरण, जबर्जस्ति चन्दा, फिरौती असुल्ने जस्ता कामहरू भइरहेका छन् । उदाहरणका लागि भदौ ८ गते चार महिनाअघि एकजना भुटानी शरणर्थीको हत्याका दुई अभियुक्तलाई प्रहरीले गिरफ्तार गर्‍यो । त्यस्तै भदौ २२ गते नेपाल डिफेन्स आर्मीका अध्यक्ष रामप्रसाद बिमलीलाई नेपाल प्रहरीले हतियारसहित झापाको शरणामति गाविसबाट पक्राउ गर्‍यो । यो समूहका सुनसरी इञ्चार्ज इमाम खान भनिने बुद्धिसागर मण्डल र कार्यकर्ताहरू विनोद मेहेता र सुरेश मेहेतालाई भदौ २३ मा पक्राउ गर्‍यो । काठमाडौंको गौरीघाटस्थित उपराष्ट्रपति निवासमा बम राखेको अभियोगमा भदौ १४ गते प्रहरीले किराँत जनवादी वर्कर्स पार्टीका केन्द्रीय सदस्य अजय खम्बु भनिने काइला लिम्बुलाई सुनसरीको इटहरीबाट पक्राउ गर्‍यो ।

## भदौ महिनामा मारिएका व्यक्तिहरूको विवरण

| क्र.सं. | मृतकको नाम | घटनास्थल | घटना मिति | आरोपित समूह वा व्यक्ति |
|---|---|---|---|---|
| १ | रामबहादुर दाहाल | खरीवारी, मेचीनगर | २०६६।५।१ | सशस्त्र समूह |
| २ | रामेश्वर यादव | बेला गाविस-६, दाङ | २०६६।५।२ | अज्ञात समूह |
| ३ | शिव कुमाल | सनकोश–३, धादिङ | २०६६।५।४ | स्थानीय व्यक्तिहरू |
| ४ | केदारप्रसाद पोखरेल | छटकपुर, धनगढी | २०६६।५।४ | अज्ञात |
| ५ | तिलारूप काफ्ले | फिदिम, पाँचथर | २०६६।५।८ | अज्ञात |
| ६ | सञ्जीव बर्मा | अमलेखगञ्ज, बारा | २०६६।५।९ | अज्ञात |
| ७ | विरेन्द्र राय अमात्य | सातोखर–१, धनुषा | २०६६।५।९ | स्थानीय व्यक्तिहरू |
| ८ | लागेशध्वज लिम्बु (लगाम) | कोप्चाबजार, ताप्लेजुङ | २०६६।५।१० | अज्ञात समूह |
| ९. | सन्त सुनुवार | थोरी, पर्सा | २०६६।५।१६ | स्थानीय व्यक्तिहरू |
| १०. | राजन भट्ट | ढल्को, विष्णुमति खोला | २०६६।५।१६ | अज्ञात |
| ११. | निमा शेर्पा | मानकपुर | २०६६।५।१७ | अज्ञात |
| १२. | विश्वनाथ यादव | सन्धि–८ | २०६६।५।१९ | अज्ञात |
| १३. | मधु भुसाल | दुने जंगल, अर्घाखाँची | २०६६।५।२२ | अज्ञात |
| १४. | मिलन लामा | थुम्काखर–८, सिन्धुपाल्चोक | २०६६।५।२३ | सशस्त्र समूह |
| १५. | राजेन्द्र अधिकारी | दमक | २०६६।५।२३ | अज्ञात |
| १६. | वसन्त मल्ल | उदयपुर | २०६६।५।२३ | मधेस जनतान्त्रिक तराई समूह |
| १७. | शालिकरामप्रसाद शाह | मिल्स एरिया, जनकपुर | २०६६।५।२४ | अज्ञात |
| १८. | के.बी. खड्का | दमक | २०६६।५।२४ | अज्ञात |
| १९. | मच्छिन्द्र राई | पाँचथर | २०६६।५।२५ | स्थानीय व्यक्तिहरू |
| २०. | वसन्ती साह | विराटनगर-१८ | २०६६।५।२७ | अज्ञात समूह |
| २१. | अर्जुन तामाङ | इटहरी | २०६६।५।३१ | सशस्त्र समूह |

## आयोगद्वारा डडेल्धुरा कारागार अनुगमन

# उपयुक्त भवन निर्माण गर्न सुझाव

डडेल्धुरा/ राष्ट्रिय मानवअधिकार आयोगले डडेल्धुरा कारागार शाखाको स्थलगत अनुगमन गरी कारागारमा क्षमताभन्दा बढी बन्दीहरू राखिएको, महिला र पुरुष बन्दी बस्ने भवनमा पर्खाल नभएको, र कारागार भवन जीर्ण अवस्थामा रहेको देखिएकाले यथाशीघ्र कारागार



भवन निर्माण गर्नु पर्ने सुझाव स्थानीय प्रशासनलाई दिएको छ। त्यसैगरी बन्दीहरूलाई शीप तथा स्वरोजगारमूलक तालिम दिई आत्मनिर्भर बनाउन आवश्यक व्यवस्था गर्न पनि सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराएको छ। त्यस्तै कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी नभएकाले यथाशीघ्र त्यसको व्यवस्था गर्न समेत आयोगले आग्रह गरेको छ।

आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले गत भदौ २० गते डडेल्धुरा जिल्ला कारागारको मानवअधिकार अवस्थाको अनुगमन गरेका थिए। कारागारमा राष्ट्रिय तथा अन्तराष्ट्रिय मानवअधिकारवादी संस्थाहरूलाई सहज पहुँच दिने गरेको र बन्दी तथा कारागार अधिकारीहरूलाई राष्ट्रिय मानवअधिकार आयोगका बारेमा सामान्य जानकारी भएको पाइयो।

आयोगका निमित्त क्षेत्रीय निर्देशक टीकाराम पोखरेल र मानवअधिकार अधिकृत झङ्करबहादुर रावल सम्मिलित टोलीले गरेको अनुगमनबाट प्राप्त तथ्यहरू यसप्रकार छन् :

- कारागारमा महिला र पुरुष बन्दीका लागि दुईओटा छुट्टाछुट्टै भवन भए पनि दुई भवनको बिचभागमा कुनै पर्खाल नभएको,
- कारागार भवन सानो र कोठाहरू साँघुरो भएको र कारागारको क्षमताभन्दा बढी बन्दी राखिएको,
- कारागारमा आवश्यक फर्निचरको व्यवस्था नभएको,
- नियमित मर्मतसंहारको अभावमा कार्यालय भवन जीर्ण बन्दै गएकाले कोठाहरूमा पानी चुहिने अवस्था रहेको,
- कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी नै नभएको,
- बन्दीहरूलाई पर्याप्त खेलकुद र मनोरञ्जनको व्यवस्था नभएको,
- बन्दीहरूलाई कारागार प्रशासनले शीपमूलक तालिम दिने र आय आर्जनका उपाय सिकाउने व्यवस्था नभएको।

**बलपूर्वक बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोग र विभिन्न सरोकारवाला संस्थाहरूले भदौ १४ गते संयुक्त रूपमा जारी गरेको प्रेस विज्ञप्ति**

# बेपत्ता पार्ने कार्यलाई अपराध घोषणा गर्न आग्रह

नेपालमा एक दशकभन्दा लामो सशस्त्र द्वन्द्वका क्रममा हजारौं नागरिकहरूलाई बलपूर्वक बेपत्ता पारिएका थिए। राष्ट्रिय मानवअधिकार आयोगको तथ्याङ्क अनुसार तिनीहरूमध्ये ८ सय ३५ जना नागरिकहरूको स्थिति अहिले पनि सार्वजनिक हुन सकेको छैन। जानकारीविहीन अवस्थामा रहेका आफन्तहरू र परिवारजन अझसम्म पनि बेपत्ताको अवस्था सार्वजनिक हुने अपेक्षामा प्रतिक्षारत छन्।

विस्तृत शान्ति सम्झौता-२०६३ मा हस्ताक्षर सम्पन्न भएको करिब तीन वर्ष भएको छ। यो सम्झौतामा नेपाल सरकार र एकीकृत नेकपा (माओवादी) ले बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्ने प्रतिवद्धता जनाए पनि त्यसको कार्यान्वयन गरेका छैनन्।

सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकार हनन् तथा ज्यादतीका घटनाहरूको छानबिन गरी सत्यतथ्य पत्ता लगाउने, दोषीलाई कारबाही गर्ने र पीडितलाई न्याय, राहत, पुनःस्थापना, क्षतिपूर्ति एवम् परिपूरणको व्यवस्था गर्ने काम सङ्क्रमणकालीन न्यायको महत्वपूर्ण पक्ष हो। सशस्त्र द्वन्द्वको क्रममा अवस्था अज्ञात पारिएका नागरिकहरूको यथार्थ स्थिति सार्वजनिक गर्न राज्यबाट अझ पनि सन्तोषजनक पहल नभएकोमा हामी चिन्ता प्रकट गर्दछौं।

बलपूर्वक बेपत्ता पारिएकाहरूका लागि अन्तर्राष्ट्रिय स्मरण दिवस, ३० अगस्टका अवसरमा हामी सशस्त्र द्वन्द्वका क्रममा बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गरी दोषीलाई कारबाही गर्न नेपाल सरकारलाई आग्रह गर्दछौं।

बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्ने अभियानमा संलग्न हामी मानवअधिकारसँग सम्बन्धित संस्थाहरू निम्न कार्यहरू तत्काले सम्पन्न गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउछौं:

१. बलपूर्वक बेपत्ता पार्ने कार्यलाई फौजदारी अपराध घोषणा गर्ने तथा अन्तर्राष्ट्रिय मापदण्ड एवम् सर्वोच्च अदालतको मिति २०६४ जेठ १८ गतेको आदेशबमोजिम तत्काल कानुन तर्जुमा गर्ने।
२. सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था अबिलम्ब सार्वजनिक गर्ने।
३. बलपूवर्क बेपत्ता पारिएका नागरिकहरूलाई उचित राहत, पुनर्स्थापना, क्षतिपूर्ति एवम् परिपूरणको व्यवस्था गर्ने।
४. बलपूर्वक बेपत्ता पारिएका घटनाहरूको छानबिन गर्न अधिकारसम्पन्न एवम् स्वतन्त्र आयोगको गठन गर्ने।
५. सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू तत्काल कार्यान्वयन गर्ने।
६. बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गर्ने।

# मानवअधिकार गतिविधि सङ्क्षेप

**मानवअधिकार र सुशासनसम्बन्धी कार्यशाला**

तेह्रथुम/ आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले तेह्रथुम जिल्लाको सदरमुकाम म्याङ्लुङ बजारमा 'मानवअधिकार र सुशासन' विषयक एकदिने कार्यशाला आयोजना गऱ्यो। गत भदौ २७ गते आयोजित उक्त कार्यक्रममा तेह्रथुम जिल्लाका सम्पूर्ण सरकारी तथा अर्ध सरकारी निकायका प्रमुखहरूको सहभागिता थियो। राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा गतिविधिका बारेमा जानकारी दिने तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको क्षेत्रमा सरकारी कार्यालयको भूमिकाको सम्बन्धमा छलफल गर्ने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको थियो। आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयका निमित्त क्षेत्रीय निर्देशक शंकरनाथ अधिकारीले मानवअधिकार, सुशासन तथा नेपाल सरकारको मानवअधिकार राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा जानकारी गराउनु भयो। उहाँले आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयबाट भइरहेका गविधिहरूको बारेमा पनि जानकारी दिनुभयो। कार्यक्रममा तेह्रथुम जिल्लाका प्रमुख जिल्ला अधिकारी कमलकान्त रेग्मीले राष्ट्रिय मानवअधिकार आयोग संवैधानिक निकाय भएकाले यसको काम कारवाहीमा सक्रिय रूपमा सहयोग गर्नु सम्पूर्ण सरकारी कार्यालयहरूको दायित्व भएको बताउनु भयो। जिल्लास्थित विभिन्न सरकारी कार्यालयका ३२ जना कार्यालय प्रमुखको सहभागिता रहेको यो कार्यक्रममा आयोगका मानवअधिकार अधिकृत बालकृष्ण पोखेलले राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकारका बारेमा प्रकाश पार्नुभएको थियो।

**राष्ट्रिय बालदिवसमा विविध कार्यक्रम**

तेह्रथुम/ आयोगको पूर्वाञ्चल कार्यालयले जिल्ला बाल कल्याण समिति तेह्रथुम तथा नेपाल बाल संगठन, तेह्रथुमसँग सहकार्य गरी भदौ २८ र २९ गते राष्ट्रिय बाल दिवस विविध कार्यक्रम गरी मनाएको छ। यसै क्रममा तेह्रथुम जिल्लाको सदरमुकाम म्याङलुङ बजारमा भदौ २८ गते विविध खेलकुद तथा वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो। कार्यक्रममा प्राथमिक विद्यालयस्तरीय एक सय मिटर दौड, हिसाब दौड, छात्राहरूको चम्चा दौड, निम्न माध्यमिक विद्यालयस्तरीय मेमोरी टेस्ट, भाले जुधाइ तथा अभिभावकहरूको बीचमा हाँडीफोर खेल खेलाइएको थियो। प्रतियोगिताका विजयीहरूलाई आयोगका निमित्त क्षेत्रीय निर्देशक शंकरनाथ अधिकारी, जिल्ला बाल कल्याण समिति तेह्रथुमका अध्यक्ष किशोरचन्द्र दुलाल तथा नेपाल बाल संगठन तेह्रथुमका सभापति सञ्जय तुम्बाहाम्फेले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो। त्यसैगरी बालअधिकार दिवसकै अवसरमा भदौ २९ गते बृहत् ऱ्यालीको आयोजना गरियो। यो ऱ्यालीमा सरकारी कार्यालयका प्रमुखहरू, राजनीतिक दलका नेता तथा कार्यकर्ता, विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थी, सङ्घ-संस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीसमेत गरी करिब दुई हजारको सहभागिता थियो। बालअधिकारसम्बन्धी विभिन्न प्लेकार्ड र ब्यानरहरू लिएको सो ऱ्याली म्याङलुङ बजार परिक्रमा गरी स्थानीय सिंहबाहिनी उच्च माविमा पुगी सभामा परिणत भएको थियो।

**मानव बेचबिखनविरुद्ध सचेतना कार्यक्रम**

बुटवल/ राष्ट्रिय मानवअधिकार आयोग समेतको सहभागितामा 'मानव बेचबिखन विरुद्ध सारा नेपाली एक हौं' भन्ने नाराका साथ भदौ २० गते मानव बेचबिखन विरुद्धको तेस्रो राष्ट्रिय दिवस भैरहवामा भव्य कार्यक्रम गरी मनाइयो। कार्यक्रममा रूपन्देही जिल्लाका महिला विकास कार्यालय, माइती नेपाल, नमुना विकास परिषद्लगायतका संस्थाहरू सम्मिलित थिए। भैरहवाको वेलहियाबाट सुरु भएको सचेतना ऱ्याली भारतको सुनौली हुँदै नगरका विभिन्न भाग परिक्रमा गरी पुन: वेलहिया पुगेर सभामा परिणत भएको थियो। मानव बेचबिखन विरुद्धको तेस्रो राष्ट्रिय दिवसको अवसरमा माइती नेपालले चेलिबेटी बेचविखनसम्बन्धी टेलिचलचित्र 'छोरी' प्रसारण गरेको थियो। त्यसैगरी, आयोगको बुटवल सम्पर्क कार्यालय, रेडियो जागरण, ग्रामीण सामुदायिक विकास केन्द्र, विश्व परिदृश्य नेपाल लगायतका संस्थाहरूको आयोजनामा 'नयाँ संविधानमा बालअधिकार' विषयक अन्तरमाध्यामिक विद्यालयस्तरीय निबन्ध प्रतियोगिताको आयोजना गरिएको थियो। कार्यक्रममा विद्यार्थीहरूले आ-आफ्नो निबन्ध वाचन गरेका थिए। बुटवलको रेडियो जागरणले कार्यक्रमको प्रत्यक्ष प्रसारण गरेको थियो।

**समन्वय र सहकार्यका लागि अन्तरक्रिया**

पोखरा/ आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले नवलपरासी जिल्लाको सदरमुकाम परासीबजारमा गत भदौ २२ गते र रूपन्देही जिल्लाको बुटवलमा भदौ २३ गते अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गऱ्यो। ती कार्यक्रमको मुख्य उद्देश्य विभिन्न संघसंस्थाहरूबीच समन्वय र सहकार्यलाई निरन्तरता दिने तथा आयोगले नयाँ आर्थिक वर्षमा तर्जुमा गर्न लागेको कार्ययोजनाको सन्दर्भमा सुझाव सङ्कलन गर्नु रहेको थियो। कार्यक्रममा सरोकारवाला सङ्घसंस्था, सञ्चारकर्मी तथा अन्य सरकारी एवम् गैरसरकारी निकायहरूबीच मानवअधिकार संरक्षण र प्रवर्द्धनमा प्रभावकारी संयन्त्र निर्माण लगायतका विषयमा छलफल भएको थियो। कार्यक्रममा विभिन्न मानवअधिकारवादी सङ्घसंस्थाका प्रतिनिधि, नागरिक समाजका अगुवा, स्थानीय निकायका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उपस्थिति थियो। त्यसैगरी, आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले भदौ २९ गते बाग्लुङ जिल्लाको सदरमुकाममा एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रमको मूल उद्देश्य जिल्लाको मानवअधिकारको समग्र अवस्थाबारे जानकारी लिनु र आपसी सहकार्यलाई अझ प्रभावकारी बनाउनु रहेको थियो। कार्यक्रममा विभिन्न मानवअधिकारवादी सङ्घसंस्थाका प्रतिनिधि, नागरिक समाजका अगुवा, स्थानीय निकायका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उपस्थिति थियो।

**आयोगको आग्रहमा अनसन तोडियो**

नेपाल आंशिक प्राध्यापक संघले गत भदौ २२ देखि आमरण अनशन गरिरहेको र अनशनमा बसेका व्यक्तिहरूको स्वास्थ्य अवस्था ज्यादै नाजुक बन्दै गएको भनी राष्ट्रिय मानवअधिकार आयोगले ध्यानाकर्षण गराएपछि सरकारले अनसनकारीसँग भोलिपल्टै वार्ता गरी अनसन टुङ्ग्याएको छ।

अनशनकारीहरूको अवस्थाका बारेमा आयोगको टोलीले गत भदौ २८ गते अनसनस्थल रत्नपार्कको शान्तिबाटिकामा स्थलगत अनुगमन तथा आवश्यक सोधपुछ गरेको थियो। आयोगलाई प्राप्त जानकारी अनुसार अनसनकारी लिलाराज बरालको अवस्था चिन्ताजनक रहेको र उनलाई उपचारार्थ अस्पतालमा भर्ना गरिएको थियो। साथै, अन्य दुई अनसनकारीहरू प्रेमकुमार विश्वकर्मा र अमृतेन्द्र कर्णको स्वास्थ्य अवस्था पनि ज्यादै कमजोर भएको थियो।

नेपाल आंशिक प्राध्यापक संघले प्रस्तुत गरेका मागहरूलाई संवादको माध्यमद्वारा समाधान गर्न र अनशनकारीहरूको नि:शुल्क स्वास्थ्योपचार गर्न राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकार र सम्बन्धित निकायहरूलाई प्रेस विज्ञप्तिमार्फत् आग्रह गरेको थियो।

# आयोगका निर्णय र सिफारिसहरू

राष्ट्रिय मानवअधिकार आयोगले आयोगमा विभिन्न मितिमा दर्ता भएका उजुरीहरूमाथि कारवाही तथा क्षतिपूर्तिको सिफारिस गरेको छ । भदौ ९, १७ र २९ गते बसेको आयोगको बैठकले निर्णय गरेका ५५ उजुरीमध्ये ४७ ओटा उजुरी टुङ्ग्याइएको, ५ ओटा खारेज गरिएको र तीनओटालाई तामेलीमा राखिएको छ । आयोगले गरेको कारवाही तथा क्षतिपूर्तिसम्बन्धी निर्णयहरूलाई तलको तालिकामा देखाइएको छ ।

| उजुरी नं. | उजुरीको विवरण | आयोगको अनुसन्धानबाट प्राप्त तथ्य | कारबाही सिफारिस | क्षतिपूर्ति सिफारिस |
|---|---|---|---|---|
| २५ | खोटाङ जिल्ला खारतामछा गाविस-९ बस्ने चतुरमान राईको सुरक्षाकर्मीले छाडेको विष्फोटक पदार्थ विष्फोटमा परी २०६२ साल पुस १५ गते मृत्यु भएको । | निजले छोरीलाई धरान पुर्‍याई घर फर्किआउँदा बाटोमा विष्फोटक पदार्थ फेला पारी घर ल्याई खेलाउँदा विष्फोट भई निज चतुरमानको मृत्यु हुन गएको देखिएको । | | मृतकका परिवारलाई क्षतिपूर्ति वापत रु एकलाख ५० हजार क्षतिपूर्ति दिन र निजका नाबालक छोराछोरीको उचित शिक्षाको व्यवस्था मिलाउन सिफारिस गर्ने । |
| ५१ | पाँचथर जिल्ला नागी गाविस-१ निवासी लोकेन्द्र लक्सम (वर्ष १४) लाई २०६० भदौ १२ गते सुरक्षाकर्मीले पक्राउ गरी टाउकोमा गोली प्रहार गरी हत्या गरेको । | निज लोकेन्द्र लक्समलाई आफ्नो नियन्त्रणमा लिई सकेपछि गोली हानी मारेको देखिएको । | गोली हान्ने सुरक्षाकर्मीको पहिचान गरी प्रचलित फौजदारी कानून बमोजिम कारबाही गर्न । | मृतकका परिवारलाई रु तीन लाख क्षतिपूर्ति दिन सिफारिस गर्ने । |
| २४९ | संखुवासभा जिल्ला खाँदवारी गाविस-२ का गोविन्द गिरीलाई २०५९साल पुस ६ गते माओवादी कार्यकर्ताले अपहरण गरी बेपत्ता बनाएको । | जिल्ला वन कार्यालय संखुवासभाका वन रक्षक गोविन्द गिरीलाई सुराकीको आरोपमा नेकपा ( माओवादी) ले अपहरण गरी मारेको तथ्य माओवादीका तत्कालीन जिल्ला सेक्रेटरीले विज्ञप्ति समेत निकाली स्वीकार गरिसकेको । | दोषी पत्ता लगाई प्रचलित कानून बमोजिम फौजदारी अपराधमा कारबाही गर्न । | मृतकका परिवारलाई रु तीन लाख क्षतिपूर्ति दिन सिफारिस गर्ने |
| २०७ | कैलाली जिल्ला खैलाड गाविस-८ का शेरबहादुर हमाललाई २०५७ मडसिर २३ गते नेकपा (माओवादी) बाट घरजग्गा कब्जा गरी विस्थापित गरेको । | उजुरीको व्यहोरा सही देखिएको । | | विस्थापित शेरबहादुर हमालको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ३२६ | कैलाली जिल्ला साडेपानी गाविस-८ का लिलाधर भण्डारीलाई २०५९ जेठ १९ गतेदेखि नेकपा (माओवादी) ले घरजग्गा कब्जा गरी विस्थापित गरेको । | उजुरीको व्यहोरा सही देखिएको । | | विस्थापित लिलाधर भण्डारीको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ६१ | कैलाली जिल्ला साडेपानी गाविस-६ का दिनराज भण्डारीलाई २०५७ साल कात्तिकदेखि नेकपा (माओवादी) बाट घरजग्गा कब्जा गरी विस्थापित गरेको । | उजुरीको व्यहोरा सही देखिएको । | | विस्थापित दिनराज भण्डारीको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ३५५ | कैलाली जिल्ला मसुरिया गाविसका गम्भीरसिंह बमलाई मिति २०५८ माघ ८ गतेदेखि नेकपा (माओवादी) बाट घरजग्गा कब्जा गरी विस्थापित गरेको । | उजुरीको व्यहोरा सही देखिएको । | | विस्थापित गम्भीरसिंह बमको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा पुनःस्थापित गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ३५७ | कैलाली जिल्ला कोटा तुल्सीपुर गाविस-४ का गणेशबहादुर मल्ललाई २०५७ साल भदौ १२ गतेदेखि नेकपा (माओवादी) बाट घरजग्गा कब्जा गरी विस्थापित गरेको । | उजुरीको व्यहोरा सही देखिएको । | | विस्थापित गणेशबहादुर मल्लको सम्पति फिर्ता गराई निजलाई आफ्नै स्थानमा स्थापित गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| १४५२ | रौतहट जिल्ला देवाही गाविस-४ बस्ने देवीलाल पटेललाई २०६० भदौ १५ गते रौतहटको गौरबाट सुरक्षाकर्मीले बेपत्ता पारेको । | निज देवीलाल पटेललाई रौतहट जिल्लाका सुरक्षाकर्मीले गौर बजारबाट पक्राउ गरी हालसम्म बेपत्ता पारिएको देखिएको । | तत्कालीन घुमुवा प्रहरीहरू हरि पासवान, गगनदेव बैठा र उमेश यादवसँग बयान लिने । | निजको अवस्था तत्काल सार्वजनिक गर्न तथा अन्तरिम राहत स्वरुप रु १ लाख प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । |

क्रमश अर्को अङ्कमा....

# राष्ट्रिय मानवअधिकार आयोग, नेपालमा

## वि.सं. २०६६ भदौ महिनामा परेका उजुरीहरू

| सि. नं | मानवअधिकार उल्लङ्घनको विषय | जिम्मेवार पक्ष | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालयहरू | | | | | सम्पर्क कार्यालयहरू | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ललितपुर | विराटनगर | जनकपुर | पोखरा | नेपालगञ्ज | धनगढी | बुटवल | खोटाङ | जुम्ला | |
| १ | हत्या | सुरक्षाकर्मी (हिरासतमा मृत्यु समेत) | | १ | | | | १ | | यो महिना कुनै उजुरी परेनन्। | यो महिना कुनै उजुरी परेनन्। | |
| | | एनेकपा (माओवादी) | | | १ | १ | | | | | | |
| | | अन्य | | १ | | | | | | | | |
| २ | बेपत्ता/अपहरण | सुरक्षाकर्मी | १ | १ | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ३ | यातना/दुर्व्यवहार | सुरक्षाकर्मी | १ | | | | ४ | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ४ | घाइते/कुटपिट | सुरक्षाकर्मी | | २ | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ५ | विस्थापित | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | १ | | | | | | | | | |
| ६ | सम्पति कब्जा | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ७ | धम्की | सुरक्षाकर्मी | | १ | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | १ | | | | | | | | |
| ८ | कारागार/थुनासम्बन्धी | | १ | | | १ | १ | | | | | |
| ९ | क्षतिपूर्ति | | | | १ | | १ | १ | | | | |
| १० | नागरिक अधिकार | | | | | | | | | | | |
| ११ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | १ | १ | | | | | १ | | | |
| १२ | महिला अधिकार | | १ | ३ | | | | | | | | |
| १३ | बालअधिकार | | २ | | | | | | | | | |
| १४ | न्याय प्रशासन | | १ | ३ | | | | | | | | |
| १५ | विदेशमा नेपाली | | | | | | | | | | | |
| | अन्य | | | | | | २ | | | | | |
| | जम्मा | | ९ | १४ | २ | २ | ४ | २ | १ | | | ३४ |




मानवअधिकार उल्लङ्घन
सम्बन्धी कुनै पनि घटनाका बारेमा
राष्ट्रिय मानवअधिकार आयोगमा

**उजुरी** गरौं ।

## मावनअधिकार हटलाइन : ०१-२११११११

उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।

उजुरी लिखित वा मौखिक रुपमा दिन सकिने छ ।

मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।

**पत्राचारको लागि**

सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,
केन्द्रीय कार्यालय, ललितपुर
पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
फोनः ०१-५०१००१५, फ्याक्सः ००९७७-१-५५४७९७३
इमेलः manav.adhikarpatra@nhrcnepal.org

**प्रापकः**

______________________

______________________

______________________

______________________

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोनः ०१-५०१००१५, फ्याक्सः ०१-५५४७९७३, सम्पादकः भानुभक्त आचार्य